लेखापरीक्षण प्रतिवेदन

मालिका गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मालिका गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/403

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
म्याग्दी।

कैफियतसहितको राय

हामीले मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण) वा (आय व्यय विवरण) वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण) वा (आय व्यय विवरण) ले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ११ करोड १ लाख २४ हजार, गरिव सँग विशेश्वर कार्यक्रमको रु. ४ लाख ५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १२ लाख १५ हजार र प्रदेश तर्फको उर्जा जलस्रोत तथा खानेपानी कार्यक्रमको रु. ३८ हजार समेत गरीद कुल रू. ११ करोड १७ लाख ८२ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. ९८ करोड ३१ लाख २० हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड १ लाख ८८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु १ करोड १ लाख ७९ मध्ये असुल गर्नुपर्ने रू. ५ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४१ लाख ७८ हजार र नियमित गर्नुपर्ने रु. ५४ लाख ७९ हजार रहेको छ। गत वर्षसम्म रु. १८ करोड ३९ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड २१ लाख ६६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मालिका गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य ब्यहोरा

मालिका गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मालिका गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५९	१८	१०१८८३६५	०	१	९६८८	०	५९	१७	१०१७८६७७	५२१६००	५४७९१२६	४१७७९५१	०	०	९६५७०७७	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
म्याग्दी	१८३९९०००	०	१२०११३७९	१७१९८७६२१	०	१०१७८६७७	१८२१६६२९८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४०	तलबभत्तातर्फ बढी निकासा:	९६८८.०

२	२०७९/८०	३२	कार्यसम्पन्न जमानत अपुग -	६८५०२७.०
३	२०७९/८०	२४	आन्तरिक लेखापरीक्षण	३५००००.०
४	२०७८/७९	३३	स्टील पार्ट्स	५५७६३५२.०
५	२०७८/७९	३९.२	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	५४०००००.०

(८०४४४५०४३०० - मालिका गाउँपालिका, म्याग्दी)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १४७.१७ वर्ग किलोमिटर तथा १८३३२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१६ देखि २०८१।५।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको प्राप्ति तथा भुक्तानी तर्फको जम्मा रु.५६,६८,१६,२७४/- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसार रकम असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	सामाजिक सुरक्षा भत्ता वितरण पछि बाँकी र मृत्यु पछिको रकम फिर्ता	१५८९९
२	सामुदायिक विद्यालयतर्फ शिक्षकको तलब भत्तामा बढी निकासा असुली दाखिला भएको	१५२२८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **एकीकृत आर्थिक विवरणः**

कार्यालयले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरण देहाय अनुसार रहेको छः

मालिका गाउँपालिका, म्याग्दीको एकीकृत आर्थिक विवरण					
सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	247714622
	क. नगद	0	२	पूँजीगत खर्च	125756059
	ख. बैंक	69894810	३	वित्तीय व्यवस्था भुक्तानी	0
२	राजस्व (आन्तरिक आय)	0		क. ऋण भुक्तानी	0
	क. आन्तरिक राजस्व	6649710		ख. ब्याज भुक्तानी	0
	ख. राजस्व बाँडफाँड	77903494		ग. अन्य भुक्तानी	0
	ग. अन्य आय (दहत्तर बहत्तर)	0	४	लगानी	0
				सामाजिक सुरक्षा र कोष (अन्य आय)	110123868
३	वित्तीय हस्तान्तरण संघ			गरिवसँग विश्श्वर कार्यक्रम	405000
	क. वित्तीय समानीकरण अनुदान	79329000		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	1215000
	ख. सशर्त अनुदान	180042244		उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	38000
	ग. समपूरक अनुदान	8189650	५	धरौटी फिर्ता	946199
	घ. विशेष अनुदान	13635286	६	जनश्रमदान फिर्ता	0
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		७	कोष फिर्ता	0
	क. वित्तीय समानीकरण अनुदान	7947000	८	मौज्दात	0
	ख. सशर्त अनुदान	0		क. बैंक मौज्दात	61204384
	ग. समपुरक अनुदान	4507000		ख. नगद मौज्दात	0
	घ. विशेष अनुदान	3447800		ग. बाडफाँड हुन बाँकी	356000
५	अन्तर स्थानीय तहबाट प्राप्त	0	९	गत बर्षको बढी अल्या	0
6	सामाजिक सुरक्षा र कोष (अन्य आय)	110123868	१०	जनश्रमदान मौज्दात	0
7	गरिवसँग विश्श्वर कार्यक्रम	405000	११	धरौटी मौज्दात	8293072
8	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	1215000	१२	कोष खाताको मौज्दात	10764070
9	उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	38000			
10	अन्य	0			
	क. क्षेत्रीय शहरी विकास योजना	0			
	ख. सडक बोर्ड नेपाल	0			
	ग. पर्यटन बोर्ड नेपाल	0			
	घ. पि एल जि एस पी	66589			

११	विभिन्न कोषतर्फको आय	0			
१२	जनसहभागिता (नगद)	0			
१३	विषयगत निकायबाट प्राप्त	0			
१४	धरौटी आय	3421823			
१५	लगानीको साँवा फिर्ता	0			
१६	अन्य विविध आय	0			
जम्मा		566816274.00	जम्मा		566816274.00

४ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,०१,२३,८६८/३४, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,०५,०००/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमकर रु.१२,१५,०००/- र प्रदेश तर्फको उर्जा, जलस्रोत तथा खानेपानी कार्यक्रमको रु.३८०००/- गरी जम्मा रु. ११,१७,८१,८६८/३४ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

५ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरिक आयबाट रु.६६,४९,७१०/- राजस्व बाँडफाँड र अनुदानबाट रु.३७,४६,६२,७५५/- समेत रु.३८,१३,१२,४६५/- आम्दानी भएकोमा चालु तर्फ रु.२४,७७,१४,६२२/- र पूँजिगत तर्फ रु.१२,५७,५६,०५९/- समेत रु.३७,३४,७०,६८१/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९१,१४,७५५/- खर्च भएको छ जुन आन्तरिक आयको १३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.९६ प्रतिशत चालु र ३५.०४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ **सेवा प्रवाह विवरणः**

सेवाप्रवाह- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार सेवा प्रवाह देहायअनुसार रहेको छः

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
पञ्जिकरणतर्फः		
जन्मदर्ता	५१२	५१२
मृत्युदर्ता	२०६	२०६
बसाईसराई दर्ता	२२९	२२९
विवाह दर्ता	२४२	२४२
सम्बन्ध विच्छेद दर्ता	४५	४५

७ **बजेट तथा कार्यक्रमः**

७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.२ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १११ योजनामा वजेट विनियोजन गरेको छ

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५ लाख देखि १० लाखसम्मका	रु १०-२० लाख सम्म	२० देखि ५० लाख सम्मका	५० लाख भन्दा माथिका	जम्मा
१६	३१	५२	६	२	४	०	१११

यस पालिकामा न्यूनतम रु. ५०,०००/- देखि अधिकतम रु. २,४०,००,०००/- सम्मका जम्मा १११ योजना संचालन छन् ।

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ९६,००,०००/- अबण्डा बजेट व्यवस्था गरी रु. ६४,००,०००/- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च (रु . हजार)
१	विपदजन्य क्षतिबाट पुनर्निर्माण तथा राहत वितरण (पालिकास्तरीय)	१८२१
२	विपद व्यबस्थापन वडा २	१००५
३	विपद व्यबस्थापन ब्लक वडा ५	१०९४
४	विपद व्यबस्थापन ब्लक वडा ६	८१०
५	विपद व्यबस्थापन ७	६२३

७.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको त्रैमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन ।

बजेट उपशिर्षक	कुल खर्च (रु हजार)	त्रैमासिक खर्च(रु हजार)				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१२५७५६	३७४१	११०३२	४१५८१	६९४०१	२९७४१
प्रतिशत	१००	२.९७	८.७७	३३.०६	५५.१९	२३.६५

कार्यालयको पूँजिगतखर्च विश्लेषण गर्दा प्रथम त्रैमासिकमा २.९७ प्रतिशत, दोस्रो त्रैमासिकमा ८.८७ प्रतिशत, तेस्रो त्रैमासिकमा ३३.०६ प्रतिशत चौथो त्रैमासिकमा ५५.१९ र असार महिनामा २३.६५. प्रतिशत खर्च भएको देखियो । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै चौमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

७.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले सेन्टर फर सोसियल साइन्सेस स्टडिज प्रा.लि. गाउँपालिकाको आवधिक योजना (२०८१/८२ – २०८५/८६) तयारका लागि हाल सम्म रु.४,८९,२९०/- भुक्तानी दिएकोमा उक्त योजना गाँउकार्यपालिका बाट स्वीकृत गरी लागु लागु गर्नुपर्ने देखिन्छ । साथै तयार भएको उक्त योजनामा सैद्धान्तिक रुपमा समग्र विषय वस्तु उल्लेख गरेको र आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा समेत आवधिक योजनाको कुनै विषयवस्तु उल्लेख गरेको देखिएन । परामर्शदाता मार्फत तयार भएको आवधिक योजनाको विषयवस्तु कार्यपालिकामा र सरोकारवालासँग छलफल तथा स्वीकृतगरी लागु गर्नुपर्दछ ।

७.६ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	जम्मा खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	१३७५००००.	९१२८७०३.	२.४४
२	पूर्वाधार विकास	११२००९३००.	७०५३०८०१.	१८.८९
३	सामाजिक विकास	२६१५२६३००.	२३३५२७७०६.	६२.५३
४	बातावरण तथा विकास	०.	०.	०.
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	९०८६५००.	७६२२४९९.	२.०४
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८९७७७०००.	५२६६०९७२.	१४.१
	जम्मा	४८६१४९१००.	३७३४७०६८२.	१००.

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६२.५३ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.४४ प्रतिशत विनियोजन रहेको छ ।

७.७ सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२,५७,५६,०५९/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७.८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०/०३/१० मा रु.४५ करोड ८१ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०३/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१० कानून निर्माण एवं कार्यान्वयनः

१०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको २० गरी कुल २३ विवाद दर्ता भएकोमा यस वर्ष १९ विवाद फर्स्यौट भइ ४ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१०.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, १ वटा नियमावली, १८ कार्यविधि लगायत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

११ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

१२ सम्पत्ति उपयोग र संरक्षणः

१२.१

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन ।

१२.२ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ । कार्यालयले आर्थिक वर्ष २०८०।०८१ मा तयार गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेखित देहायका व्यहोरामा सुधार भएको देखिएन ।

- अन्य निकाय/कार्यालयमा खर्च भएर नजाने जिन्सी जिन्सी किताबको अभिलेख तयार पारेको पाइएन ।
- वडा कार्यालय स्वास्थ्य चौकीमा हाल सम्म रहेका खर्च भएर नजाने जिन्सी सामाग्रीहर सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दर्ता गरी एकिकृत विवरण तयार गरेको छैन ।

उपरोक्त कैफियत सुधार गरि जिन्सि अद्यावधिक गर्नुपर्दछ ।

१३ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को दोस्रो चौमासिकसम्मकोमात्र आन्तरिक लेखापरीक्षण गराएको देखियो । आन्तरिक लेखापरीक्षकको २०८० चैत्र महिनामा सरुवा भएको र उक्त पदमा कर्मचारी पदपूर्ति नभएकोले वार्षक आन्तरिक लेखापरीक्षण नभएको कार्यालयको भनाई रहेको छ । कानुनमा तोकिए बमोजिम वर्षभरिको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१४ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

१४.१ निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ कर्मचारीको रु.१,७७,८२,४००/- र पालिकाका १० कर्मचारीको रु. ५५,१६,६५४/- समेत रु.२,३२,९९,०५४/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरेको देखिएन । पालिकाको शुरुको दरबन्दी विवरण अनुसार ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत, आन्तरिक लेखा परीक्षक सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम

जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१७,९८,४३२/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

पद	नियुक्ति संख्या	वार्षिक तलव भत्ता रु.
सहायक चौथो	१	४३७७२६/-
सव इन्जिनियर	१	४६१४९०/-
अ. सव इन्जिनियर	१	४३७७२६/-
ल्याव टेक्निसियन सहायक पाँचौ	१	४६१४९०/-
जम्मा		१७९८४३२/-

१४.४ स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	पालिकामा रहेका विद्यालय संख्या	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	३८	१८०	१८०	८१	४५४४

१४.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कार्यपालिकाको निर्णय बमोजिम वडा सचिवहरुलाई यस वर्षको रु.१,८७,५००/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१५ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.१६,२८,११०/- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६६,४९,७१०/- को २४.४८ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१६ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३९ जना व्यक्तिहरुलाई रु.८,००,०००/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम

पालिकाको कुल आन्तरिक आय रु.६६,४९,७१०/- को १२.०३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१७ **बेरुजु लगतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१८ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेकर खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले गत वर्ष खरिद गरेको दर्ता चलानी सफ्टवेयरको वार्षिक संचालन खर्च वापत यस वर्ष रु.७४,५८०/- भुक्तानी खर्च गरेको र यस वर्ष विजनेस म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.बाट योजना तथा कार्यक्रम अभिलेख व्यवस्थापन सफ्टवेयिर खरिद गरि रु.४,९७,०००/- भुक्तानी दिएको र वार्षिक खरिद मूल्यको १५ प्रतिशत वार्षिक संचालन खर्च भुक्तानी दिनेगरी सम्झौता गरेको देखियो । योजना सम्झौता, उपभोक्ता समितिलाई लेख्ने पत्र तथा भुक्तानी सम्बन्धि टिप्पणी प्रिन्ट गर्ने कार्य लगायतको कार्यको लागि सफ्टवेयर खरिद गरेको देखियो । खरिद भएको सफ्टवेयरमा प्रविष्टि भएको विवरणको व्यकअप, सफ्टवेयरमा गर्नुपर्ने डिजाइन सम्बन्धि सम्पूर्णकार्य डिजाइनरकोमा रहने र कार्यालयको वेव वेसमा आधारित विवरण प्रविष्टि प्रयोजनकोलागिमात्र युजर नेम तथा पासवर्ड कार्यालयलाई हस्तान्तरण गरेको देखियो । उपभोक्ता समितिसँग गर्न सम्झौता, लेख्ने पत्र तथा भुक्तानी सम्बन्धि टिप्पणीकोलागि सफ्टवेयर खरिद गर्नुपर्ने आधार नदेखिएको, साथै उपरोक्त निर्देशिका अनुसार सुचना प्रविधि विभागबाट समेत स्वीकृत नलिई खरिद गरेकोले सफ्टवेयर खरिदको आवश्यकता पहिचानगरी नियमानुसार सुचना प्रविधि मन्त्रालयको स्वीकृत लिएरमात्र खरिद गर्नुपर्दछ ।

२० **अनुदानको अनुगमनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष शिक्षा, कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कनगरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

गो.भौ.नं./ मिति	अनुदानको विवरण	रकम
६१-०८०/११/१०	श्री ज्ञानविकास आ.वि. ल्यापटप तथा प्रिन्टर वितरण	९९,९००/-
६०-०८०/११/१०	श्री पुरुषोत्तम आधारभुत विद्यालय १ टि.भी. १ ल्यापटप वितरण	१,१५,०००/-
१९१, २११, २०६, ४६६-०८१/३/१७,१९,२०,२१	वडा नं. १ मा ६, वडा नं. ३ मा १०, वडा नं.५ मा ५ र वडा नं.६ मा २ कृषकलाई हाते ट्र्याक्टर वितरण (६० प्रतिशत अनुदान)	६,९४,२३०/-
२०८,३०१,३३३, २४९	विभिन्न विभिन्न तरकारी तथा कागतिको विरुवा वितरण	४,७५,०००/-

२१ **आय अनुमान तथा असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६३,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६६,४९,७१०/- अर्थात अनुमान भन्दा १०५.५५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पती कर	०	२४७९४	
भुमिकर/मालपोत	४०००००	३९३७७७	९८.४४
वहाल कर	८०००००	९३३२३२	११६.६५
बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	०	२१०००	
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	१५००	
अन्य कर	०	२०७२०	
अन्य बिक्रीबाट प्राप्त रकम	३०००००	८२०००	२७.३३
अन्य सेवा शुल्क तथा बिक्री	०	२७०००	
शिक्षा क्षेत्रको आम्दानी	०	१०००	
परीक्षा शुल्क	५००००	३०६१०	६१.२२
अन्य प्रशासनिक सेवा शुल्क	०	३००००	
नक्सापास दस्तुर	०	३७७१०	
सिफारिश दस्तुर	९५००००	१०३७१३१	१०९.१७
व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००	३८६८५०	९६.७१
नाता प्रमाणित दस्तुर	१५००००	१९५०५०	१३०.०३
अन्य दस्तुर	१३००००००	११११५९१५	८५.८९
व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	३५४००	
अन्य क्षेत्रको आय	०	४९०.	
प्रशासनिक दण्ड जरिवाना र जफत	२०००००	७१५०००	३५७.५
अन्य राजस्व	८०००००	५५६५३६	६९.५६
व्यवसाय कर	९५००००	१००३९९५	१०५.६८
जम्मा	६३००००००	६६४९७१०	१०५.५५१

२२ **राजश्व अभिलेखः**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले उठ्नुपर्ने र उठेको राजश्वको अभिलेख अद्यावधिक राखेको देखिएन । कार्यालयले राखेको व्यवसाय दर्ता तथा नविकरणको अभिलेख परीक्षणगर्दा ५६० वटा व्यवसाय दर्ता रहेकोमा २२२ मात्र आव २०८०/८१ मा नविकरण भएका देखियो । आर्थिक वर्ष २०८०/८० मा नविकरण भएका केहि व्यवसायिका विवरण परीक्षणगर्दा दर्ता भएको मिति देखि हालसम्म सबै वर्ष नविकरण भएको देखिएन । उदाहरणको लागि २०७४ मा दर्ता भएको व्यवसाय आ.व. २०७४/७५ को दस्तुर तिरेको तर आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ मा नविकरण दस्तुर तिरेको देखिएन । यस वर्ष व्यवसाय कर वापत रु.९,३१,१९५/- असुल भएको आन्तरिक आयको विवरणबाट देखिएकोमा उठ्नुपर्ने रकमको अभिलेख अद्यावधि छैन । उठ्नु पर्ने र उठेको रकमको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

२३ **मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुलगर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष निम्नानुसार आय ठेक्कागरी राजश्व असुलगरेकोमा बोलपत्र साकारकर्ताबाट नियमानुसार मूल्य अभिवृद्धिकर असुलगरी संघीय संचितकोष दाखिला गरेको देखिएन । असुलगर्न बाँकि मूल्य अभिवृद्धिकर सम्बन्धित फर्मबाट असुलगरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.

ठेक्का नं.	ठेक्का विवरण	फर्मको नाम	कबोल रकम (मू.अ.कर बाहेक)	मू.अ.कर रकम
NCB/Rev/02-2080/81	पतेनी घाट नदिजन्य पदार्थ	मनिषा निर्माण सेवा, बागलुङ	६६००००/-	८५८००/-
NCB/Rev/04-2080/81	रानीबास घाट नदिजन्य पदार्थ	गुठीचौर निर्माण सेवा	५६००००/-	७२८००/-
		जम्मा	१२२००००/-	१५८६००/-

असुल गर्नुपर्ने	१,५८,६००

२४ **असुल गर्न बाँकि राजश्वः**

पालिकाको आय तर्फको ठेक्का नं. २-२०८०/८१ पतेनी घाटको ढुङ्गा गिट्टि तथा बालुवा उत्खनन कार्यकोलागि मिति २०८०/११/२ मा मनिष निर्मा सेवा, बागलुङसँग भएको सम्झौता शर्त नं.११ मा समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत जरिवाना समेत असुल गरिने उल्लेख छ । उपरोक्त निर्माण सेवासँग मूल्य अभिवृद्धि कर वाहेक रु.६,६०,०००/- रकम दुई किस्तामा बुझाउनेगरी सम्झौता भएकोमा निर्माण सेवाले पहिलो किस्ता वापतको रकम रु.३,३०,०००/- मिति २०८१/२/१८ मा दाखिला गरेको र दोस्रो किस्ता दाखिला गरेको देखिएन । सम्झौता बमोजिम १० प्रतिशत जरिवाना समेत असुलगरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,६३,०००

२५ **प्रदेश सञ्चित कोष दाखिलाः**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँडगरी साठी प्रतिशत रकम स्थानीय तहको संचितकोषमा र चालीस प्रतिशत रकम प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष नदीजन्य पदार्थको उत्खनन तथा विक्रिवितरणबाट जम्मा रु.८,९०,०००/- असुलगरी विभाज्यकोषमा जम्मा गरेकोमा सोको चालीस प्रतिशत रकम रु.३,५६,०००/- प्रदेश संचितकोषमा दाखिला गरेको देखिएन । उपरोक्त ऐन बमोजिम प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५६,०००

२६ **स्वीकृत कार्यक्रम बेगर खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नपर्ने उल्लेख छ । कार्यालयले स्वीकृत कार्यक्रममा नरहेको छुट्टै अस्तित्व भएको संस्थाले आयोजना गरेको कार्यक्रमा भागलिए वापत भएको खर्च निम्नानुसार व्यक्तिलाई भुक्तानी दिएको देखियो । कार्यालयको स्वीकृत कार्यक्रममा नरहेको र छुट्टै अस्तित्व भएको संस्थाले आफ्नो वार्षिक कार्यक्रमा आयोजना गरेको प्रतियोगिताको रकम व्यक्तिलाई भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

भौ.नं./ मिति	कार्यक्रमको व्यहोरा	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
७५-०८०/७/२४	म्याग्दी प्रवासी नेपाली संघ (मोना) को पाचौ महाधिवेशनको अवसरमा आयोजित भलिबल प्रतियोगिता	मालिका भलिवल संघ सचिव बाल सिंह गर्बुजा	१५००००/-
४१७-०८०/३/११	राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटि म्याग्दिले आयोजना गरेको भलिबल प्रतियोगिता	मालिका भलिवल संघ सदस्य बाल सिंह गर्बुजा	६००००/-
		जम्मा	२१००००/-
		अनियमित भएको	२,१०,०००

२७ **कार्यविधि कानुन वेगर सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय अनुसारको कार्यक्रम स्वीकृतगरी उद्धार, राहत तथा पुनर्स्थापना वापत आर्थिक सहयोग वितरण गरेकोमा सोको मापदण्ड तथा निर्देशिका स्वीकृत गरेको देखिएन । स्पष्ट कार्यविधि तथा मापदण्ड नहुँदा आर्थिक सहयोग पाउने लाभग्राहिको छनौट, भुक्तानि दिनमिल्ने आधार र रकमका साथै सोको सदुपयोग सम्बन्धि अनुगमन मूल्याङ्कन गर्न अस्पष्टता हुने भएकोले मापदण्ड, कार्यविधि तथा निर्देशिका स्वीकृत गरेरमात्र आर्थिक सहयोग वितरण गर्नुपर्दछ ।

सि.नं.	कार्यक्रम	भुक्तानी विवरण	भुक्तानी रकम
१	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	आर्थिक अवस्था कमजोर भएको औषधि उपचार गर्न आर्थिक समस्या रहेको निवेदन, वडाको सिफारिस र गा.पा. अध्यक्षको तोक आदेशको आधारमा खर्च गरेको	८०००००/-
२	वडा नं.१ विपन्न नागरिक सहायता कार्यक्रम	आगलागि पिडित, बैदेशिक रोजगारीमा अलपत्र परेकाको उद्धार खर्च तथा काजक्रिया खर्चको लागि आर्थिक सहयोग	१४६०००/-
३	वडा अध्यक्षसँग अपाङ्ग तथा दलित कार्यक्रम वडा नं.२	६२ थान कम्बल खरिदगरी वितरण गरेको	१०००००/-
		जम्मा	१०४६०००/-

२८ **आँखा उपचार केन्द्रः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गाराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गैर सरकारी संस्थाबाट गराउन सक्ने उल्लेख छ । मिति २०७९/४/२४ को कार्य पालिकाको निर्णय तथा सोहि मितिमा नेपाल रेडक्रस सोसाइटी दरवाङ उपशाखासँग आँखा उपचार केन्द्र संचालन सम्बन्धमा सम्झौता भएको देखियो । यस वर्ष केन्द्रका कर्मचारीहरुलाई तलब भत्ता प्रयोजनकोलागि रु.५,००,०००/- रकम विनियोजनगरी मिति २०८०/१०/१८ मा नेपाल रेडक्रस सोसाइटी दरवाङ उपशाखालाई निकासा भुक्तानी दिएको देखियो । विगत देखि रेडक्रस सोसाइटीले आँखा उपचार केन्द्र संचालन गरिरहेको र २०७९ सालमा उक्त केन्द्र बन्द गर्न लागेकोले पालिकाले कर्मचारिको तलब भुक्तानी दिने शर्तमा केन्द्र संचालन गर्नुपरेको कार्यालयको भनाई रहेकोमा पालिका अन्तर्गत दरवाङ आधारभुत अस्पताल संचालनमा रहेकोले सोही अस्पतालको विस्तारित सेवा अन्तर्गत आँखा उपचार सेवा संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

२९ **लागत सहभागिताः**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को

भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३० **उपभोक्ता समितिः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्धेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष ९२ उपभोक्ता समितिमार्फत निर्माणकार्य गराई रु.३,१४,००,६०९/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । कार्यालयले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।

३१ **स्थायी लेखा नम्बरः**

सावजिनक खरद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समित वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

३२ **उपभोक्ता समिति मार्फत कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्धेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्नानुसार वडामा सुचना प्रविधि जडान (वाईफाई), विभिन्न खरिद कार्य तथा श्रमदान गर्न मिल्ने पनि आइटम समावेश नभएको निर्माण गर्न उपभोक्ता समिति गठन गरी कार्यगराई भुक्तानी दिएको देनियो । कतिपय उपभोक्ता समितिलाई निर्माण कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखिएकोले उपरोक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन । उपभोक्ता समितिमार्फत प्रविधि जडान, खरिद सम्बन्धि कार्य तथा उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रु.

भौ. नं./ मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	कैफियत
१८६-२०८१/३/६	वडामा सूचना तथा प्रविधि विस्तार उपभोक्ता समुह वडा नं.१	वाईफाई जडान	४९५०००	
२२८-२०८१/३/२४	वडा कार्यालय व्यवस्थापन उ.स.वडा नं.3	अफिस दराज, प्रिन्टर लगायत खरिद	४२२३००	खरिद कार्य
२९४-२०८१/१/९	भाषा संस्कृति संरक्षण भेषभुषा खरिद उ.स. वडा नं. ६	मगर समुदायको भेषभुषा खरिद	१०००००	खरिद कार्य
९-२०८०/७/२०	दरवाङ दिच्याम मोटरबाटो मर्मत उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	२०८९००	निर्माण व्यवसायिको रु.224630 संल्गन ।
१०-२०८०/७/२०	सल्यान देखि च्युरीबोट छाप हुँदै असारे मोटरबाटो मर्मत उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	५३००००	निर्माण व्यवसायिको रु.५८२०२३ संल्गन ।
११-२०८०/७/२३	फुलबारी देखि महभिर गाँउहुँदै वडा कार्यालय मोटरबाटो मर्मत उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	२४४२५०	निर्माण व्यवसायिको रु.२६४२५६ संलग्न
१३-२०८०/७/२४	जुगेपानी खोला जौबाङ्ग हुँदै गाँउफात मोटरबाटो मर्मत उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	३८४०००	निर्माण व्यवसायिको रु.403170 संलग्न ।
१८-२०८०/९/१६	लामेला खहरेखोला जोड्ने मोटरबाटो उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	३०००००	निर्माण व्यवसायिको रु.३२३८५८ संलग्न ।
२४-२०८०/९/१७	दरवाङ देविस्थान मोटरबाटो मर्मत उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	५२०७००	निर्माण व्यवसायिको रु.561258 संलग्न ।
७६-२०८०/११/२४	दिल्लिवाङ सडक निर्माण योजना उ.स.	एक्साभेटर द्वारा पहिरो सोर्नेकार्य	७२७५००	निर्माण व्यवसायिको रु.८१४९४७ संलग्न ।
१०७-२०८१/१/१०	वाइफाइ व्यवस्थापन उ.स. वडा नं.7	वाईफाई जडान	१०००००	
४८४-०८१/३/२२	प्राथमिक स्वास्थ्य केन्द्रलाई ५ बेडको अस्पतालमा स्तरोन्नती उ.स.	विविध निर्माण कार्य	१४६१९००	
		जम्मा	४०३२६५०/-	

अनियमित भएको	४०,३२,६५०

३३ **अन्य निकाय खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कुनै पनि संघ/सस्था आदिलाइ कुनै पनि किसिमको चन्दा, उपहार, पुरस्कार तथा आर्थिक सहायता वितरण गर्न नपाइने व्यवस्था छ । तर छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

भौ.नं./ मिति	संस्थाको नाम	वापत	रकम	
४५-०८०/१०/१०	ईलाका प्रहरी कार्यालय दरवाङ	शौचालय निर्माण	५८०००/-	
३८९-०८१/०२/२५	ईलाका प्रहरी कार्यालय दरवाङ	मेलामा शान्ति सुरक्षावापत दैनिक तथा भ्रमण भत्ता	६४९८५/-	
३७७-०८१/०२/१७	जिल्ला ट्राफिक कार्यालय	ट्राफिक सप्ताह खाजा खर्च	१९९००/-	
५०४-०८१/०३/२४	नेपाल पत्रकार महासंघ	कम्प्युटर खरिद	६००००/-	
		जम्मा	२०२८८५/-	
			अनियमित भएको	२,०२,८८५

३४ **प्राविधिक शिक्षा छात्रवृत्तिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृतगरी श्री किसानी माध्यमिक विद्यालय तथा प्राविधिक शिक्षालयमा अध्ययनरत प्राविधिक धारका विद्यार्थीहरुको छात्र वृत्ति वापत यस वर्ष रु.१०,००,०००/- अनुदान निकासा दिएको देखियो । विगत वर्ष देखिनै छात्रवृत्ति अनुदान निकासा दिने गरेको र विभिन्न समयमा अनुगमन समेत गरेको साथै विद्यालयले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गराउन बाँकि रहेको कार्यालयको भनाई रहेकोमा आर्थिक वर्ष २०७९/८० को विद्यालयको लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा विद्यालयले प्राविधिक छात्रवृति वापत पालिकाबाट भुक्तानी पाएको अनुदान रकम छुट्टै देखिनेगरी अभिलेखाङ्कन गरेको देखिएन । प्राविधिक धारका विद्यार्थिहरुको लागि दिएको अनुदान रकम विद्यालयको वित्तिय प्रतिवेदनमा स्पष्ट देखिने गरी अभिलेखाङ्कन गर्ने तथा छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थिले पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३५ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले पालिका भित्र रहेका सहकारी संस्थाहरुको अभिलेख राखेको देखिएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन समेत तयार गरेको देखिएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३६ **भ्रमण प्रतिवेदन पेश नभएको:**

प्रदेश भ्रमण खर्च नियमावली, २०७७ गण्डकी प्रदेशको नियम १५(१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिलभरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न गो.भौ.नं।मितिमार्फत कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गरी खर्च लेखेकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । पालिकाले भ्रमण खर्च नियमावली बमोजिम भ्रमणको उद्धेश्य, सम्पादित मुख्य काम, सिकाई तथा उपलब्धि, सुझावहरु आदि सहितको भ्रमण प्रतिवेदन पेश भएपछि मात्रै खर्च लेख्नुपर्दछ ।केही उदाहरणहरु

गो.भौ.नं।मिति	भ्रमण गर्ने व्यक्ति	कार्यालय	भ्रमण गर्ने स्थान	भ्रमण गर्ने उद्धेश्य	भ्रमण आदेश नं	रकम रु.
१८।०८०।७।२२	लाल कु. रोका	मालिका गाउँपालिका	रुम वडा नं २	सामाजिक सुरक्षा नविकरण	०२।०८०।५।१२	६१००
८१।०८०।१२।१८	अर्जुन पाण्डे	मालिका गाउँपालिका	निस्कोट	क्षयरोग नमूना संकलन	५२।०८०।१०।२६	३७००
१३१।०८१।३।१७	शैलेन्द्र प्र. यादव	निस्कोट स्वा. चौकी	मालिका गा.पा.	औषधी लिन	१११।०८१।२।३	३७००
१३१।०८१।३।१७	वीर ब. पुन	रुम स्वा. चौकी	मालिका गा.पा.	औषधी लिन	१८।०८०।११।७	३७००
१३१।०८१।३।१७	गिता जुग्जाली	बिम स्वा. चौकी	मालिका गा.पा.	औषधी लिन	१०३।०८१।२।८	३७००

३७ **दिवा खाजा अनुगमन तथा मूल्याङ्कन**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को कार्यक्रम अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहले निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं. २०, ४७, ,७२ र १६० मार्फत पालिकाभित्रका ३८ सामुदायिक विद्यालयहरुलाई २०८० श्रावण देखि २०८१ असार १४ सम्म २७१५ विद्यार्थीहरुलाई कुल ३२९९४४ दिनको प्रति दिन रु.१५ का दरले रु.४९४९१६० खर्च लेखेको देखियो । पालिकाले विद्यालयले पेश गरेको विद्यालय खुलेको दिन, विद्यार्थीको प्रमाणित हाजिरीका आधारमा ३८ वटा विद्यालयहरुमा दिवाखाजाबापत निकासा गरेकोमा पालिकाले दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ बमोजिम स्थानीय तहले विद्यालयमा दिवा खाजा निर्धारित मापदण्ड तथा गुणस्तर अनुसार भए वा नभएको सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले मापदण्डमा व्यवस्था भएबमोजिम निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

३८ **अनुगमन प्रतिवेदन पेश नभएको**

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ को उपदफा ३ मा प्रत्येक स्थानीय तहमा कार्यक्रम कार्यान्वियन सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न उद्यम विकास समितिको मातहतमा अनुगमन उपसमिति रहने र उपदफा ५(छ) मा अनुसुची १६ बमोजिमको अनुगमन फारम भर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति ४१।०८०।९।२६ मा लघुउद्यमतर्फ अनुगमन भत्ताबापत रु.७५०० भुक्तानी गरेको देखियो । पालिकाले लघुउद्यम निर्देशिकामा व्यवस्था भएबमोजिम अनुगमन उपसमिति गठन नगरीकनै अन्य व्यक्तिहरुलाई अनुगमनबापत अनुगमन भत्ता भुक्तानी गरेको देखियो । साथै अनुगमनकर्ताले निर्देशिकाको अनुसुची १६ बमोजिम अनुगमन फारम समेत भरेको देखिएन । पालिकाले निर्देशिकाबमोजिम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी कार्यक्रमका मुख्य क्रियाकलापहरु, सहायक क्रियाकलापहरु, सूचक/पुष्टयाईका आधारहरु र प्रगति अवस्थासमेत खुल्ने गरी अनुगमन फारम प्राप्त भएपछि मात्रै खर्च लेख्नुपर्दछ ।

३९ **पाठ्यपुस्तक अनुदानः**

स्थानीय तथा प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ को उपक्रियाकलाप ३.१मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तरगत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा कक्षागत र विषयगत पाठयपुस्तकको संख्या यकिन गर्ने र विद्यालयलाई पाठ्यपुस्तक वितरणका लागि कक्षा १ देखि १०का लागि आर्थिक वर्षको तेस्रो त्रैमासिक भित्र पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई मात्र अनुदान दिने र शैक्षिक

सत्रमा भएको नया भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति ७२।०८०।१२।१६ मा शैक्षिक सत्र २०८० को IEMIS तथ्याङ्कलाई आधार मानेर कुल ३८ विद्यालयलाई पाठ्यपुस्तक अनुदानतर्फ पहिलो किस्ताबापत रु.१७७२५१३ निकासा गरेको देखियो । त्यस्तै गरी पालिकाले गो.भौ.नं।मिति १४१।०८१।२।२९ मार्फत विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक खरिदको बिलभरपाई र विद्यार्थीलाई बुझाएको भरपाईलाई आधार मानेर दोस्रो किस्ताबापत रु.४३६५२३ गरी कुल रु.२२०९०३६ निकासा दिएकोमा शैक्षिक सत्र २०८१ को नया भर्ना विवरण IEMIS को तथ्याङ्क भन्दा बढी संख्यामा विद्यार्थीहरुलाई पाठ्यपुस्तक अनुदान निकासा गरेको देखियो । पालिकाले विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक खरिदको बिल रकम तथा विद्यार्थीले बुझेको भरपाईका आधारमा रकम निकासा गरिएको र शैक्षिक वर्ष २०८१ मा नया IEMIS अपडेट भएको र नया अपडेटेड भर्जनमा विद्यार्थी संख्या फरक परेको जनाएको छ । पालिकाले IEMIS तथ्याङ्कलाई अद्यावधिक गर्नुका साथै पाठ्यपुस्तक खरिद गरि वितरण गरेको विद्यार्थी संख्यालाई सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तकतर्फको खर्च लेख्नुपर्दछ ।

विद्यालय	कक्षा	IEMIs विस	मूल्य	निकासा हुनुपर्नेकक्षा १-१२ अनिवार्य विषय	कक्षा ९ देखि १२को ऐच्छिक विषयको रकम	कुल निकासाहुनुपर्ने	कुल निकासा भएको	बढी निकासा	खरिद बिल रकम रु.	कैफियत
किसानी मा.वि.	१	३	५२०.८	१५६२.४	११६३१	१७४९३९.५	१८२१६१		१८२१६१	
	२	५	५५६.८०	२७८४						
	३	११	५८०.८०	६३८८.८						
	४	१०	५९६.२०	५९६२						
	५	१७	६३३.६०	१०७७१.२						
	६	२९	७०७.३०	२०५११.७						
	७	३६	७४८.००	२६९२८						
	८	२२	८८२.२०	१९४०८.४						
	९	४४	७७०.००	३३८८०						
	१०	३८	९२४.००	३५११२						
			जम्मा	**१६३३०८.५**	**११६३१**	**१७४९३९.५**	**१८२१६१**	**७२२१.५**	**१८२१६१**	
गौ बोम बस्त मा.वि.	१	१०	५२०.८	५२०८	०	१५०१३६	१५८५२७		१५८५२७	
	२	१६	५५६.८०	८९०८.८						
	३	१०	५८०.८०	५८०८						
	४	१४	५९६.२०	८३४६.८						
	५	११	६३३.६०	६९६९.६						
	६	२०	७०७.३०	१४१४६						
	७	२३	७४८.००	१७२०४						
	८	३५	८८२.२०	३०८७७						
	९	३६	७७०.००	२७७२०						
	१०	२७	९२४.००	२४९४८						
	११	०	२६९.२८	०						
	१२	०	३१६.०८	०						
			जम्मा	**१५०१३६.२**	**०**	**१५०१३६.२**	**१५८५२७**	**८३९०.८**	**१५८५२७**	
भिम मा.वि.	१	११	५२०.८	५७२८.८	०	१२५४१२	१२८६७३		१२८६७३	
	२	१२	५५६.८०	६६८१.६						

	३	१२	५८०.८०	६९६९.६						
	४	९	५९६.२०	५३६५.८						
	५	१३	६३३.६०	८२३६.८						
	६	१७	७०७.३०	१२०२४.१						
	७	२४	७४८.००	१७९५२						
	८	२२	८८२.२०	१९४०८.४						
	९	१७	७७०.००	१३०९०						
	१०	१८	९२४.००	१६६३२						
	११	२६	२६९.२८	७००१.२८						
	१२	२०	३१६.०८	६३२१.६						
			जम्मा	१२५४११.९८	०	१२५४११.९८	१२८६७३	३२६१.०२	१२८६७३	
श्री सिद्ध आ.वि.	१	१२	५२०.८	६२४९.६	०	९०३१९	९२७८६		९२७८६	
	२	९	५५६.८०	५०११.२						
	३	१३	५८०.८०	७५५०.४						
	४	१०	५९६.२०	५९६२						
	५	११	६३३.६०	६९६९.६						
	६	२३	७०७.३०	१६२६७.९						
	७	२०	७४८.००	१४९६०						
	८	३१	८८२.२०	२७३४८.२						
	९		७७०.००	०						
	१०		९२४.००	०						
	११		२६९.२८	०						
	१२		३१६.०८	०						
			जम्मा	**९०३१८.९**	**०**	**९०३१८.९**	**९२७८६**	**२४६७.१**	**९२७८६**	
विद्यालय	**कक्षा**	**IEMIs विस**	**मूल्य**	**निकासा हुनुपर्नेकक्षा १-१२ अनिवार्य विषय**	**कक्षा ९ देखि १२को ऐच्छिक विषयको रकम**	**कुल निकासाहुनुपर्ने**	**कुल निकासा भएको**	**बढी निकासा**	**खरिद बिल रकम रु.**	कैफियत
ओखरबोट मा.वि।	१	०	५२०.८	०	६२६७	१०६५९७.२	१७६५८४	६९९८७	१७६५८४	IEMIS मा कक्षा १ मा ०
	२	७	५५६.८०	३८९७.६						

	३	१५	५८०.८०	८७१२						विद्यार्थी देखाएकोमा १९ विद्यार्थीको निकासा भएको
	४	१६	५९६.२०	९५३९.२						
	५	१७	६३३.६०	१०७७१.२						
	६	१४	७०७.३०	९९०२.२						
	७	१५	७४८.००	११२२०						
	८	२०	८८२.२०	१७६४४						
	९	१२	७७०.००	९२४०						
	१०	२१	९२४.००	१९४०४						
	११		२६९.२८	०						
	१२		३१६.०८	०						
			जम्मा	१००३३०.२	६२६७	१०६५९७.२	१७६५८४	६९९८६.८	१७६५८४	
गोरक्ष आ.वि.	१	१०	५२०.८	५२०८	०	५०५३०.४	५५३३३	४८०२	५०५३०	
	२	१२	५५६.८०	६६८१.६						
	३	१०	५८०.८०	५८०८						
	४	७	५९६.२०	४१७३.४						
	५	८	६३३.६०	५०६८.८						
	६	८	७०७.३०	५६५८.४						
	७	११	७४८.००	८२२८						
	८	११	८८२.२०	९७०४.२						
	९	०	७७०.००	०						
	१०	०	९२४.००	०						
	११	०	२६९.२८	०						
	१२	०	३१६.०८	०						
			जम्मा	**५०५३०.४**	**०**	**५०५३०.४**	**५५३३३**	**४८०२.६**	**५०५३०**	
देउराली आ.वि.	१	१९	५२०.८	९८९५.२	०	९५४०७.५	९८९७०	३५६२	९२७८६	
	२	१९	५५६.८०	१०५७९.२						
	३	१७	५८०.८०	९८७३.६						
	४	१९	५९६.२०	११३२७.८						
	५	२५	६३३.६०	१५८४०						
	६	१९	७०७.३०	१३४३८.७						

	७	१५	७४८.००	११२२०						
	८	१५	८८२.२०	१३२३३						
			जम्मा	**९५४०७.५**	**०**	**९५४०७.५**	**९८९७०**	**३५६२.५**	**९२७८६**	
जनजागृति प्रा.वि.	१	५	५२०.८	२६०४	०	२४४७५.२	२८०१९	३५४४	२८०१९	IEMIS मा कक्षा १ देखि ५ सम्म ० विद्यार्थी देखाएकोमा कक्षा १ मा ५, कक्षा २ मा ५, कक्षा ३ मा ९, कक्षा ४ मा १० र कक्षा ५ मा ८ जनाको निकासा गरिएको र सो निकासाछोडेर पनि रु.३५४४ बढी निकासा भएको
	२	५	५५६.८०	२७८४						
	३	९	५८०.८०	५२२७.२						
	४	१०	५९६.२०	५९६२						
	५	८	६३३.६०	५०६८.८						
	६	४	७०७.३०	२८२९.२						
	७	०	७४८.००	०						
	८	०	८८२.२०	०						
	९	०	७७०.००	०						
	१०	०	९२४.००	०						
			जम्मा	**२४४७५.२**	**०**	**२४४७५.२**	**२८०१९**	**३५४३.८**	**२८०१९**	
भगवती आ.वि.	१	९	५२०.८	४६८७.२	०	३२९९३.१	३५७०७		३५७०७	
	२	९	५५६.८०	५०११.२						
	३	६	५८०.८०	३४८४.८						
	४	७	५९६.२०	४१७३.४						
	५	४	६३३.६०	२५३४.४						
	६	७	७०७.३०	४९५१.१						
	७	५	७४८.००	३७४०						
	८	५	८८२.२०	४४११						
			जम्मा	**३२९९३.१**	**०**	**३२९९३.१**	**३५७०७**	**२७१३.९**	**३५७०७**	

४० **तलबभत्तातर्फ बढी निकासा:**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **९,६८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१ **बोयर बोका खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति १९५।०८१।३।२४ मा आ.व. २०७९।८० मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता शीर्षक अन्तरगत मालिका बाख्रा पकेट समन्वय समितिसंग सम्झौता गरी निज समितिलाई रु.४९३००० अनुदान दिएको देखियो । उक्त समितिले सो अनुदान रकम मध्येबाट बोयर बोका खरिद कार्यका लागि समितिको च.न. ६।०८१।२।२७ मार्फत एकता एग्रो रिसर्च एडं रिसोर्ट, च.नं. ७।०८१।२।२७ मार्फत प्रगति बाख्रा समुह र च.नं. ८।०८१।२।२७ मार्फत धवलागिरी व्यवसायिक कृषि तथा पशुपंक्षी फर्मसंग बोयर बोका शुद्धको जिउदो प्रति केजीको दररेट मागेको देखियो । तीन फर्महरुमध्ये सबैभन्दा घटी मूल्यमा रु.१८०० प्रति केजीका दरले बोयर बोका उपलब्ध गराउने गरी धवलागिरी व्यवसायिक कृषि तथा पशुपंक्षी फर्मसंग खरिद गर्ने गरी खरिद सम्झौता गरेको देखियो । तर समितिले धवलागिरी व्यवसायिक कृषि तथा पशुपंक्षी फर्मको बिल नं।मिति ७१।०८१।३।१८ मा प्रजननयोग्य बोयर बोका शुद्ध प्रतिगोटा रु.६०००० का दरले २ वटा बोयर बोका खरिद गरी रु.१२०००० भुक्तानी गरेको देखियो । समितिले कोटेशन तथा खरिद सम्झौतामा प्रति केजीको रु.१८०० का दरले खरिद सम्झौता गरेकोमा खरिद गर्दा गोटाको दरले खरिद गरेकोमा खरिद सम्झौताको पालना भएको देखिएन । साथै समितिले पेश गरेको बिलमा प्रजननयोग्य बोयर बोका शुद्ध लेखेकोमा सो बोकाहरु बोयर बोका हो वा होइनन र हुन भने पनि कति प्रतिशत क्रस बोयर बोका हुन भन्ने सम्बन्धमा कुनै प्रमाण पेश नभएकोले सो सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले खरिद गरिएका बोकाहरु बोयर बोकाहरु हुन वा होइनन तथा खरिद सम्झौतामा प्रति केजी तोकिएकोमा खरिद गर्दा गोटा खरिद गरिएको सम्बन्धमा पशु प्राविधिकद्धारा यकिन गरेर मात्र खर्च लेख्नुपर्दछ ।

४२ **भ्रमण अभिलेख पुस्तिका :**

भ्रमण अभिलेख प्रयोजनका लागि मलेप फारम नं ९०८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा भ्रमण आदेश नं, भ्रमण गर्ने कर्मचारीको नाम र पद, भ्रमणमा खटिएको स्थान, भ्रमणमा खटिएको मिति,भ्रमण प्रतिवेदनको संक्षिप्त व्यहोरा आदि खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रमहरुमा भ्रमण खर्च लेखि भ्रमण अभिलेख राखेकोमा मलेप फारम नं ९०८ मा तोकिएबमोजिम राखेको देखिएन । पालिकाले भ्रमण आदेश जारी गरेको मितिअनुसार सिलसिलेवार रुपमा भ्रमण अभिलेख नराखीकन व्यक्तिगत लेजर तयार गरी भ्रमण अभिलेख राखेकोले भ्रमण आदेश नं समेत दोहोरिएको देखियो । केही उदाहरणहरु

भ्रमण गर्ने व्यक्ति	भ्रमण आदेश नं	भ्रमण गर्ने स्थान	भ्रमण अवधि	
			देखि	सम्म
सावित्री गर्बुजा पुन	१	वडा नं ४ र ५	२०८०।४।२४	२०८०।४।२८
सावित्री गर्बुजा पुन	२	वडा नं २ र ३	२०८०।६।२	०८०।६।६
अशोक रिजाल	२	मालिका गा.पा. अन्तर्गतका विद्यालयहरु	२०८०।५।२०	२०८०।५।२४
अशोक रिजाल	३	राष्ट्रिय किताबखाना,काठमाडौं	२०८०।५।२६	२०८०।६।१
सुस्मिता सुवेदी	२	मालिका गा.पा. वडा नं १ र ७	२०८१।२।१३	२०८१।२।१७

तसर्थ पालिकाले मलेप फारम नं ९०८ भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमण आदेश जारी गरेको मितिअनुसार सिलसिलेवार रुपमा भ्रमण अभिलेख राख्नुपर्दछ ।

४३ **आमासुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका,२०७८ को दफा ६ (क) र (ख) मा आमा सुरक्षा कार्यक्रम अन्तरगत सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले सामान्य प्रसुति सेवा दिएबापत प्रति केसबापत रु.२५०० प्राप्त गर्ने र स्वास्थ्य संस्थालाई प्राप्त हुने ईकाई

मूल्यबापतको रकमबाटै सेवाग्राही महिलालाई आवश्यक पर्ने सम्पूर्ण प्रयोगशाला जाँच, औषधी उपकरण र सामान खरिद गरी सेवाग्राहीलाई अनिवार्य रुपमा नि:शुल्क सेवा उपलब्ध गराउनुपर्ने तथा स्वास्थ्यकर्मीको उत्प्रेरणाको लागि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थालाई प्राप्त हुने ईकाई मूल्यबाट बढीमा रु.३०० प्रत्यक्ष सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा सहयोग गर्ने टिमलाई अनिवार्य रुपमा बाडफाड गरी वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न गो.भौ.नं मार्फत आमा सुरक्षा कार्यक्रममा विभिन्न स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुलाई पेश्की फर्छ्यौट मार्फत प्रसुति सेवा प्राप्त गर्ने महिलाहरुको यातायात खर्च,उत्प्रेरणा खर्च तथा स्वास्थ्य संस्थाले प्राप्त गर्ने रकमसमेत खर्च लेखेको देखियो । पालिकाले आमा सुरक्षा कार्यक्रम अन्तरगत प्रसुति सेवा दिएबापत स्वास्थ्य संस्थाले प्राप्त गर्ने ईकाई मूल्य रु.२५०० समेत स्वास्थ्यकर्मीको खातामा निकासा दिएको देखियो । साथै स्वास्थ्यकर्मीहरुले स्वास्थ्य संस्थाले प्राप्त गर्ने रकम स्वास्थ्य संस्थाको खातामा जम्मा नगरिकन सोही रकमबाट आफैले प्रसुति सेवा प्राप्त गर्ने सेवाग्राही महिलालाई आवश्यक पर्ने औषधी तथा सामान खरिद गरेको तथा स्वास्थ्यकर्मीको उत्प्रेरणाबापतको रकममा खर्च गरेको देखियो । पालिकाले आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ बमोजिम स्वास्थ्य संस्थाले प्राप्त गर्ने रकम स्वास्थ्य संस्थाको खातामा दाखिला भई सोही रकमबाटै सेवाग्राही महिलालाई आवश्यक पर्ने सम्पूर्ण प्रयोगशाला जाँच, औषधी उपकरण र सामान खरिद गरी सेवाग्राहीलाई अनिवार्य रुपमा नि:शुल्क सेवा उपलब्ध गराउनुपर्ने तथा स्वास्थ्यकर्मीको उत्प्रेरणाको लागि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थालाई प्राप्त हुने ईकाई मूल्यबाट बढीमा रु.३०० प्रत्यक्ष सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा सहयोग गर्ने टिमलाई अनिवार्य रुपमा बाडफाड गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्ने

गो.भौ.नं।मिति	स्वास्थ्य संस्था	बापत	सेवाग्राही संख्या	ईकाई मूल्य	कुल रकम रु.
६६।०८०।११।२३	रुम स्वास्थ्य चौकी	संस्थाले दिएको सामान्य प्रसुति सेवा	२०	२५००	५००००
१७३।०८१।३।२०	दरबाङ स्वास्थ्य चौकी	सामान्य प्रसुति सेवा	३९	२५००	९७५००
६६।०८०।११।२३	रुम स्वास्थ्य चौकी	गर्भपतन सेवा	१२३	८००	९८४००
१७३।०८१।३।२०	दरबाङ स्वास्थ्य चौकी	गर्भपतन सेवा	१४	८००	११२००

प्रमाण पेश नगरेको	२,३२,१००

४४ औषधी खरिदमा कर्मचारीलाई भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति १९०।०८१।३।२३ मा परिवार योजना सेवा शीर्षकबाट मेडिक्राफ्ट फार्मा प्रा.लि. लाई बिल नं ८८३।०८१।३।१७ मार्फत रु.९४९९२ को औषधी उपकरण खरिद गरेको बिल पेश भएकोमा सो बिलबापतको अग्रिम कर कट्टी पश्चातको रकम रु.९३६१६ रकम स्वास्थ्य संयोजक सन्तु कुमारी कार्की खत्रीलाई भुक्तानी दिएको देखियो । कार्यक्रम तर्फको औषधी नगदमै किनेर कार्यक्रम सञ्चालन गरेको कार्यालयको भनाई रहेको छ । कार्यालयले आवश्यक औषधि विक्रेताबाट खरिदगरी बिक्रेताको खातामा रकम भुक्तानी दिनुपर्दछ ।

४५ प्रधानमन्त्री रोजगार कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नम्सको प्रयोग गर्दा किफायती नम्स प्रयोग गरि सरकारी साधनको मितव्ययी प्रयोग गरिनुपर्छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ संचालन गरिने पदमार्ग मर्मत,मैदान मर्मत लगायतका निर्माण कार्यमा नेपाल सरकारको सडकतर्फको स्वीकृत नम्सको सट्टा डोलिडारको नम्स प्रयोग गरेको पाइयो ।दरविश्लेषणलाई आधार मान्दा सुख्खा ढुंगाको गारो लगाउने कार्यका लागि डोलिडारको भन्दा सडक तथा ब्रिजका लागि स्वीकृत नम्स २०७५ किफायती देखिन्छ ।नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले किफायती नम्स प्रयोग नगरी फरक नम्स प्रयोग गरि स्वीकृत लागत अनुमान एवं कार्यसम्पादन प्रतिवेदन तयार गरि भुक्तानी गरेबाट पालिकालाई थप व्ययभार परेको देखिन्छ । केही उदाहरणहरु

गो.भौ.नं।मिति	कार्यक्रम	भुक्तानी	कार्यविवरण	परिमाणघ.मि.	सडक नम्सअनुसार	भुक्तानीभएको डोलिडार नम्सअनुसार	बढीभुक्तानी दर	बढी व्ययभार रु.
६७।०८०।१२। १३	लालीगुरास युवा कलब अल मैदान मर्मत	२६८२५७	सुख्खा ढुंगाको गारो लगाउने कार्य	३८.३१	३६१९.६	४२२६.८२	६०७.२२	२३२६२
६८/०८०/१२/१२	खोला देखि सेमजुक जौवाङ सम्म पदमार्ग मर्मत	३०००००	सुख्खा ढुंगाको गारो लगाउने कार्य	६२.३६	३६१९.६	४२२६.८२	६०७.२२	३७८६६.२३९
१७१।०८१।३। २०	तल्लो खर्तन पदमार्ग मर्मत	५२८०००	सुख्खा ढुंगाको गारो लगाउने कार्य	७१.३३	३६१९.६	४४८२.३९	८६२.७९	६१५४२.८१

तसर्थ पालिकाले नेपाल सरकारद्धारा स्वीकृत किफायती नम्सको प्रयोग गर्नेतर्फ जोड दिनुपर्दछ ।

४६ **पोषण कार्यक्रम संचालन कार्ययोजना :**

आर्थिक वर्ष २०८०।८१ मा स्थानीय तहहरुबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलाप संचालन सम्बन्धि मार्गदर्शनको पोषण कार्यक्रम अन्तरगत पालिकास्तरीय कार्यक्रमको समीक्षा तथा कार्ययोजना तयारीमा आर्थिक वर्ष २०७९।८० को पोषण कार्यक्रमको समीक्षा गर्नुपर्ने र चालु आ.व. २०८०।८१ को पोषण कार्यक्रम संचालन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सर्शत चालु गो.भौ.नं।मिति ३४।०८०।९।२३ मा पालिकास्तरीय पोषण कार्यक्रमको समीक्षा तथा कार्ययोजना तयारी कार्यक्रम सम्पन्न गरी रु.४८७०० खर्च लेखेकोमा चालु आ.व. २०८०।८१ को पोषण कार्यक्रम संचालन कार्ययोजना तयार गरेको पाइएन । पालिकाले संघीय स्वास्थ्यसम्बन्धी मार्गदर्शनमा व्यवस्था भएबमोजिम कार्यक्रम संचालन कार्ययोजना तयार पेशभएपछि मात्रै खर्च लेख्नुपर्दछ ।

४७ **सेनिटरी प्याड खरिदतर्फ**

४७.१ **लागत अनुमान तयार नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद कार्य सुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा वा शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने र नियम ३ मा सार्वजनिक खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालुतर्फ सेनिटरी प्याड खरिद कार्यमा लागत अनुमान तयार नगरी खरिद प्रक्रिया अगाडी बढाएको देखियो । पालिकाले पेश गरेको विवरण अनुसार मिति २०८०।१०।१६ मा पालिकाको खरिद तथा निर्माण इकाईको बैठकले मौजुदा सूचीमा सूचीकृत फर्महरुबाट सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सेनिटरी प्याड खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरेको देखियो । पालिकाले चलानी नं ७१२।०८०।८१, मिति २०८०।१०।२३ मा सेनिटरी प्याड आपूर्ति गर्न इच्छुक सूचीकृत संस्थाहरुलाई दरभाउ पत्र पेश गर्न पत्र काटेकोमा परिमाण खुलाएको भेटिएन । पालिकाले खरिद नियमावलीमा व्यवस्था भएबमोजिम लागत अनुमान तयार गरी स्वीकृत गराएर मात्रै खरिद प्रक्रिया अगाडी बढाउनुपर्दछ ।

४७.२ **सेनेटरी प्याड वितरण:** स्थानीय तथा प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुका लागि नि:शुल्क सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ५ को

उपदफा १ र २ मा विद्यालयले छात्रा संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले IEMIS तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति ६५।२०८०।११।२३ मार्फत पोखरा सेनिटरी प्रोडक्टस स्थायी लेखा नं ६१५६२८७६३ संग प्रति प्याकेट रु.९८(मूल्य अभिवृद्धि कर समेत) का दरले ९५०० प्याकेट (प्रति प्याकेट ८ पिस) खरिद गरी रु.९३०९९२ खर्च लेखेको देखियो । पालिकाले सो सेनिटरी प्याडहरु विभिन्न १५ वटा विद्यालयहरुलाई भरपाईमार्फत हस्तान्तरण गरेकोमा विद्यालयले आवश्यक पर्ने सेनिटरी प्याड स्थानीयतहमा माग गरेको देखिएन । पालिकाले कार्यविधिमा व्यवस्था भएबमोजिम विद्यालयहरुले IEMIS तथ्याङ्कका आधारमा छात्रासंख्या बमोजिम स्थानीय तहमा माग गर्ने र स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने देखिन्छ ।

४७.३ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३ को उपदफा ४ संग सम्बन्धित अनुसुची १ मा सेनिटरी प्याड को न्युनतम मापदण्डमा सेनिटरी प्याडको साइज न्युनतम २४०+२० वा २४०-२० एमएम लम्बाइ, ६० देखि ७५ एमएम चौडाई र मोटाई १५+२ वा १५-२ एमएम हुनुपर्ने व्यवस्था छ । पालिकालाई मौजुदा सूचीमा सुचीकृत फर्महरु भट्ट पशुपति प्याड उद्योगले रु.१०२(मू.अ.कर समेत), निम्स पेपर न्यापकिन मेनुफेक्चरिङ रु.१००(मू.अ.कर समेत), र पोखरा सेनिटरी प्रोडक्टसले रु.९८ (मू.अ.कर समेत) रुपैयामा २९० एमएम लम्बाईको सेनिटरी प्याड उपलब्ध गराउने गरी कोटेशन पेश गरेको देखियो । पालिकाको मिति २०८०।११।०२ को मूल्याङ्कन समितिको बैठकले आर्थिक रुपमा सबैभन्दा कम प्रस्ताव गर्ने सारभुत रुपमा प्रभावग्राही फर्म पोखरा सेनिटरी प्रोडक्टस स्थायी लेखा नं ६१५६२८७६३ संग खरिद गर्ने निर्णय गरेको देखियो । कार्यालयले संघीय सशर्त चालु गो.भौ.नं। मिति ६५।२०८०।११।२३ बाट ९५०० प्याकेट (प्रति प्याकेट ८ पिस) सेनिटरी प्याड खरिद गरी रु.९३०९९२ खर्च लेखेकोमा सप्लायर्सले जारिगरेको विजकमा २८० एमएमको ९५०० प्याकेट सेनिटरी प्याड उपलब्ध गराएको देखियो । पालिकाले खरिद गरिएको सो सेनिटरी प्याडको निरीक्षण गर्दा प्याकेटमा समेत २८० एमएम लेखेको पाइयो । सप्लायर्सले कोटेशनमा उल्लेख गरेको भन्दा कम लम्बाइको प्याड सप्लाई गरेकोमा सो अनुसार दर फरक पर्ने/ नपर्ने कार्यालयले यकिन गरेको देखिएन । सप्लाई भएको गुणस्तर सम्बन्धमा कार्यालयबाट यकिनगरी प्रतिवेदन समेत तयार गरेको देखिएन । कोटेशनमा उल्लेखित साइज भन्दा कम साइजको प्याडको मूल्य कम पर्ने नपर्ने सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

४८ **कृषि उपकरण खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, योजना, विशेष आवश्यकता वा अन्य विवरण खुलाई विवरण तयार गर्नुपर्ने र दफा ५ मा सार्वजनिक निकायले तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न वडा तथा पालिका तर्फको कृषिकार्यक्रम अन्तर्गत कृषकहरुको ४० प्रतिशत सहभागितामा वितरण गरिने निम्नानुसार लागत भएको कृषि औजार तथा उपकरण सोझै खरिद गरेको देखियो । छुट्टा छुट्टै वडाको स्वकृत कार्यक्रमभ भएकोले फरक फरक समयमा सोझै खरिदगरी वितरण गरिएको कार्यालयको भनाइ रहेतापनि कार्यालय एकमात्र भुक्तानी केन्द्र भएकोले तोकिएको रकम भन्दा बढी रकमको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.

गो.भौ.नं./ मिति	कार्यक्रमको नाम	खरिद विवरण	कुल लागत	कार्यालयले दिएको भुक्तानी (६० प्रतिशत)
१९१-०८१/३/१७	हाते ट्र्याक्टर खरिद तथा वितरण वडा नं. १	हाते ट्र्याक्टर ६ थान	२९४०००/-	१७६४००/-
२११-०८१/३/२०	हाते ट्र्याक्टर खरिद तथा वितरण वडा नं. ३	हाते ट्र्याक्टर १० थान	४५६५००/-	२७९९००/-
२०६-०८१/३/१९	हाते ट्र्याक्टर खरिद तथा वितरण वडा नं. ६	हाते ट्र्याक्टर २ थान	१११५००/-	६६९००/-
४६६-०८१/३/२१	कृषि समुहलाई अनुदान वडा नं.५	हाते ट्र्याक्टर ५ थान र १ थान थ्रेसर	२८५०५०/-	१७१०३०/-
४७७-०८१/३/२२	कृषि सामाग्रि तथा विरुवा वितरण	हाते ट्र्याक्टर ६ थान	३२४४००	१९४६४०/-
		जम्मा	१४७१४५०/-	८८८८७०/-

अनियमित भएको	८,८८,८७०

४९ **सवारी भाडाः**

कार्यालयले उपलब्ध गराएको जिन्सि प्रतिवेदन अनुसार कार्यालयमा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । कार्यालयले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारि कार्यको लागि सवारि भाडामा रु.१०,३८,४००/- खर्च गरेको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानि पोखरा कार्यालयका पदाधिकारि तथा कर्मचारीको लागि सवारि भाडामा लिएको जनाई खर्च लेखेको देखियो । कार्यालयमा १ साना सवारी तथा ११ वटा मोटरसाइकल र ३ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५० **भेरिएसन नगरि भुक्तानीः**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरिएशन आदेश जारी गर्न सकिने ब्यवस्था छ । ठेक्का नं. ४-२०८०/८१ डाडागाँउ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागत अनुमान तथा निर्माण व्यवसायि ओमेन अस्कर निर्माण सेवासँग भएको सम्झौतामो वि.ओ.क्यू.मा फलामे डण्डीको परिमाण ६२५१.२५ के.जी. रहेकोमा निर्माण कार्यको अन्तिम विलसम्म ७३६४.४९ के.जी.को प्रति के.जी. रु.१३०/- को दरले सम्झौता परिमाण भन्दा रु.१,४४,७२१/- बढी भुक्तानी दिएको देखियो । निर्माण कार्यको नापी किताब परीक्षण गर्दा भवनको बिम तथा स्लाबको साइज बढाइएको देखियो । सुरु डिजाइन र ड्र्इङ्ग भन्दा फरक हुनेगरी निर्माण कार्यगर्दा कारण सहित परिवर्तित ड्र्इङ्ग र सोही बमोजिम भेरिएसन स्वीकृत गर्नुपर्नेमा सो नगरि नापिगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१,४४,७२१

५१ **ननफाइलरः**

मूल्य अभिवृध्दि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारणगरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यका निर्माण व्यवसायीहरुलाई लाई निम्नानुसार मूल्य अभिवृध्दि कर भुक्तानी दिएकोमा आन्तरीक राजस्व विभागको वेवसाइटमा खोजि गर्दा उक्त व्यवसायी देहाय अनुसार मूल्य अभिवृध्दि कर नन फाइलर रहेको देखियो । निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृध्दि करको मूल्य अभिवृध्दि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ. नं./ मिति	निर्माण व्यवसायिको नाम	पान नं.	विजक नं. र मिति	मू.अ. कर रकम	कैफियत
७५-०८०/११/२४	ओमेन अस्कर निर्माण सेवा	३०३३४८१७७	२-२०८०/११/२४	४६९७४१.१९	Non filer since 2080/M/2
१७२-०८१/२/२४	ओमेन अस्कर निर्माण सेवा	३०३३४८१७७	४-२०८१/२/२०	२२१२५४.५९	Non filer since 2080/M/2
४१-०८०/३/२४	ओमेन अस्कर निर्माण सेवा	३०३३४८१७७	७-२०८१/३/२३	२८६४३७.८४	Non filer since 2080/M/2
६५-०८०/३/२५	भगवती मालिका कन्स्ट्रक्सन	३००२०७३१८	५-२०८०/११/११	३४७३०३.८४	Non filer since 2080/M/9
218-०८०/३/21	भगवती मालिका कन्स्ट्रक्सन	३००२०७३१८	1५-२०८1/03/18	५१०३१४.७२	Non filer since 2080/M/9
96-०८०/12/18	गौतम ग्रुपअफ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६१०४३२७९६	4-२०८0/12/18	२१६६१३.७२	Non filer since 2080/M/9
144-०८1/1/27	गौतम ग्रुपअफ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६१०४३२७९६	6-२०८1/1/25	२९४१०४.०५	Non filer since 2080/M/9
215-०८1/3/21	गौतम ग्रुपअफ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६१०४३२७९६	11-२०८1/3/14	३४६५१०.८७	Non filer since 2080/M/9
53-०८0/10/24	दिव्य ज्योती/नाना जे.भी.	६१६७५३४७७	002-२०८0/10/24	३६४८२४.०३	Non filer since 2080/M/4
81-०८0/12/12	दिव्य ज्योती/नाना जे.भी.	६१६७५३४७७	004-२०८0/12/12	४७७९३९.९	Non filer since 2080/M/4
231-०८1/3/24	दिव्य ज्योती/नाना जे.भी.	६१६७५३४७७	05-२०८1/03/18	५४८०५.९६	Non filer since 2080/M/4
			जम्मा	३५८९८५०.७१	

प्रमाण पेश नगरेको	३५,८९,८५०.७१

५२ **दरवाङ आधारभुत अस्पतालः**

गाँउ कार्यपालिकाको मिति २०८०/४/१० गतेको बैठकले दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५ बेडको आधारभुत अस्पतालमा स्तरोन्नती गर्ने निर्णयको आधारमा दरवाङ प्राथमिक अस्पताल सञ्चालन भएको देखियो । कार्यपालिकाको निर्णयको आधारमा सञ्चालित अस्पताल सञ्चालन सम्बन्धमा कुनै कानुनी व्यवस्था गरेको देखिएन । कानुनको अभावमा अस्पतालले सञ्चालन गर्ने सेवा, सेवाको शुल्क, अस्पतालको खाता सञ्चालन सम्बन्धि व्यवस्था, आय - व्ययको लेखा प्रणालि तथा लेखापरीक्षण सम्बन्धि केहि उल्लेख गरेको देखिएन । पालिकाको श्रेस्ता परीक्षण गर्दा अस्पतालको स्वास्थ्यकर्मीको तलब बाहेक यस वर्ष पूँजिगत निर्माणमा रु.१४,६१,९००/-, चालु सञ्चालन खर्च रु.१०,२१,२४४/- प्रयोगशाला सामाग्रि खरिद रु.३,९४,४९०/- र सर्जिकल सामाग्रि खरिद रु.५,२५,४६९/- समेत जम्मा रु.३४,०३,१०३/- खर्च भएको देखियो । साथै पालिकाको आन्तरिक आयको विवरण अनुसार अस्पतालबाट रु.८,७५,५९०/- आय भएको देखियो । अस्पतालको छुटै सञ्चालन खाता रहेको र सोको सञ्चालन व्यवस्थापन समिति बाट हुने गरेको लेखापरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ। अस्पताल सञ्चालन सम्बन्धमा स्पष्ट कानुनी व्यवस्थागरी अस्पतालको आय- व्यय व्यवस्थित गर्नुपर्दछ ।

५३ **सवारि मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यिधि उल्लेख छ । साथै सावारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२ को दफा ८ मा तीन वर्षभन्दा पुराना सवारी साधनहरु प्रयोग गर्ने विशिष्ट श्रेणीका पदाधिकारीलाई मासिक रु.१० हजार र प्रथम श्रेणीका पदाधिकारीलाई मासिक रु.७ हजार

उपलब्ध गराइने उल्लेख छ । कार्यालयमा रहेको ग १ झ ४०४ नम्बरको स्कोरपियो पिकअप जिपको मर्मत अभिलेख परीक्षण गर्दा यस वर्ष रु.१०,३८,४००/- खर्च भएको देखियो । सावरी खरिदगर्दा पालिकाको भौगोलिक तथा बाटोको अवस्था विचार नगरि पिच सडकमा चलाउन मिल्ने सवारी खरिद गरेको र पिच सडकमा चल्ने सवारी कच्चि सडमा चलाउनु परेकोले मर्मत खर्च बढी भएको कार्यालयको भनाइ रहेको छ । एक सवारी साधनको मर्मत खर्च वार्षिक १० लाख भन्दा बढि भुक्तानी दिएको औचित्यपूर्ण नदेखिएकोले यस तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५४ **सामाजिक सुरक्षा तर्फः**

५४.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ११,०१,२३,८६८/- बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाबाट तयार गरेको फरवार्ड/रिभर्स फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, दलित बालबालिका बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

लाभग्राही		पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	चौथौ किस्ता	जम्मा	फिर्ता	रिजेक्ट
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको रकम	वितरण गरेको रकम	वितरण गरेको रकम			
अन्य जेष्ठ नागरिक भत्ता	१७०८	१९४४५२००	१९७६८४७१	२००२४२२४	२०३४३७५४	७९५८१६४९	३०९९६	६०२५८
जेष्ठ नागरिक भत्ता (दलित)	३४०	२४५४११६	२५६६९००	२६१४७८०	२२७५०९६	९९१०८९२	६८१४७	७९८०
जेष्ठ नागरिक एकल महिला	१४५	१२२८९२०	१२०७६४०	११७०४००	१४२८७६५	५०३५७२५		३८८५९
विधवा	२६०	१९१२५४०	१९८१७००	२०००३२०	१५४३४४०	७४३८०००		
पूर्ण अपाङ्गता भत्ता	१७	२०३४९०	२०३४९०	२०३४९०	२५१५३०	८६२०००		
अति अशक्त अपाङ्गता भत्ता	१३१	८२३५३६	८१७१५२	८१३४६३	९४२८४९	३३९७०००		
दलित बालबालिका	५८२	८५७६५९	८७५९८२	८८२६४८	१२८२३१३	३८९८६०२		
जम्मा	३१८३	२६९२५४६१	२७४२१३३५	२७७०९३२५	२८०६७७४७	११०१२३८६८	९९१४३	१०७०९७

५४.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था

मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

५४.३ कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मालिका गाउँपालिका, म्याग्दी , मालिका गाउँपालिका , म्याग्दी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चुर्ण बहादुर कार्की	२०८०-१-२५	२०८१-३-९
कार्यालय प्रमुख	हेमराज काफ्ले	२०७८-१२-१४	२०८९-१२-२८
कार्यालय प्रमुख	अशोक रिजाल	२०८१-३-१०	२०८१-५-५
कार्यालय प्रमुख	हरिश्चन्द्र ढकाल	२०८१-५-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	सागर पौडेल	२०७८-१२-२२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५३१,२८८	५,४७९,१२६	४,१७७,९५०.७१	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१०,१८८,३६४.७१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९,६८८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१०,१७८,६७६.७१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६९८९४८१०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८११९६१८०	चालु खर्च	२४७७१४६२२
प्रदेश सरकारबाट अनुदान	१५९०१८००	पूँजीगत खर्च	१२५७५६०५९
राजश्व बाँडफाँट	७७९०३४९४	वित्तीय/अन्य व्यवस्था	११२७२८०६७
आन्तरिक आय	६६४९७१०.०		
अन्य आय	११५२७०२८०		
कुल आय	४९६९२१४६४	कुल खर्च	४८६१९८७४८
बाँकी मौज्दात		८०६१७५२६	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका विषय
1	आन्तरिक आय आन्तरिक आयको प्राप्ति तथा दाखिला	आय अनुमान, प्राप्ति र दाखिला
2	विविध खर्च	विविध खर्च सम्बन्धि विवरण
3	सफ्टवेयर खर्च	सफ्टवेयर खरिद तथा सञ्चालन
4	उपभोक्ता समितिमार्फत खरिद खरिद कानूनको पालना नभएको हुन सक्ने	१० लाख भन्दा बढी भुक्तानी भएका उपभोक्ता सम्बन्धि फाइल
5	प्रशासनिक खर्च तलव भत्ता तथा प्रशासनिक खर्चमा कानूनको पालना नभएको हुन सक्ने	कर्मचारी तथा पदाधिकारिहरुको तलब भत्ता र कार्यालय सञ्चालन खर्च
6	कार्यक्रम खर्च: शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम खर्चमा कानुनको पालना नभएको हुन सक्ने	विषयगत शाखाबाट सञ्चालित तालिम, अनुदान वितरण प्रकृयाका साथै शिक्षा र स्वास्थ्य तर्फका सशर्त कार्यक्रमहरु
7	ठेक्का व्यवस्थापन वोलपत्र तथा शिलवन्दी दरभाउपत्र खरिद व्यवस्थापन कानूनको पालना नभएको हुन सक्ने	ठेक्का मार्फत गरेको खरिदको भुक्तानी प्रकृया
8	सामाजिक सुरक्षा: सामाजिक सुरक्षा भत्ता वितरणमा कानूनको पालना नभएको हुन सक्ने	सामाजिक सुरक्षा लाभग्राहि र वितरण विवरण
9	डि पिआर खर्च	DPR खर्च

बेरुजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,८३,१७,७८७.९५	०	७,८३,१७,७८७.९५	७,९१,५२,२६९.५४	०	७,९१,५२,२६९.५४
१३०००	अनुदान		२९,७०,९७,९८०.३२	०	२९,७०,९७,९८०.३२	३२,५५,८६,४७८.६२	०	३२,५५,८६,४७८.६२
१४०००	अन्य राजस्व		५८,९६,६९७.५३	०	५८,९६,६९७.५३	५३,०२,७२८.६०	०	५३,०२,७२८.६०
क	कुल जम्मा प्राप्ति		३८,१३,१२,४६५.८०		३८,१३,१२,४६५.८०	४१,००,४१,४७६.७६		४१,००,४१,४७६.७६
३	चालु		२४,७७,१४,६२२.८८	०	२४,७७,१४,६२२.८८	२५,५३,३१,१४०.००	०	२५,५३,३१,१४०.००
२१०००	पारिश्रमिक / सुविधा		२,२८,३७,४८७.७६	०	२,२८,३७,४८७.७६	१६,५३,९६,६६६.९७	०	१६,५३,९६,६६६.९७
२२०००	मालसामान तथा सेवाको उपयोग		२१,८०,७०,२३५.१२	०	२१,८०,७०,२३५.१२	७,०२,३५,९७४.०३	०	७,०२,३५,९७४.०३
२५०००	सहायता (Subsidy)		५,९९,५००.००	०	५,९९,५००.००	५८,२१,६००.००	०	५८,२१,६००.००
२६०००	अनुदान		०	०	०	६५,५७,१००.००	०	६५,५७,१००.००
२७०००	सामाजिक सुरक्षा		३६,५५,८००.००	०	३६,५५,८००.००	४६,८१,०९९.००	०	४६,८१,०९९.००
२८०००	अन्य खर्च		२५,५१,६००.००	०	२५,५१,६००.००	२६,३८,७००.००	०	२६,३८,७००.००
४	पूंजीगत		१२,५७,५६,०५९.००	०	१२,५७,५६,०५९.००	१६,१४,८५,२७७.६५	०	१६,१४,८५,२७७.६५
३१११०	भवन तथा संरचना		३,२८,४१,१८६.००	०	३,२८,४१,१८६.००	२,५४,६६,३८८.००	०	२,५४,६६,३८८.००
३११२०	सवारी साधन, मेशिनरी औजार,		१३,८६,७८५.००	०	१३,८६,७८५.००	३७,८४,३२६.००	०	३७,८४,३२६.००

	फर्निचर्स तथा फिक्चर्स							
३११३०	अन्य पूँजीगत खर्च		५,६६,८००.००	०	५,६६,८००.००	१०,५९,७७८.००	०	१०,५९,७७८.००
३११४०	सुरक्षा उपकरण		०	०	०	९६,११०.००	०	९६,११०.००
३११५०	सार्वजनिक निर्माण		९,०६,६१,२८८.००	०	९,०६,६१,२८८.००	१२,५२,१९,५९६.६५	०	१२,५२,१९,५९६.६५
३११६०	निर्मितसरचनाको सुधार खर्च		३,००,०००.००	०	३,००,०००.००	५८,५९,०७९.००	०	५८,५९,०७९.००
ख)	कुल जम्मा भुक्तानी		३७,३४,७०,६८१.८८		३७,३४,७०,६८१.८८	४१,६८,१६,४१७.६५		४१,६८,१६,४१७.६५
ग)	बचत /कमी (ग = क-ख)		७८,४१,७८३.९२		७८,४१,७८३.९२	(६७,७४,९४०.८९)		(६७,७४,९४०.८९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		२८,९८,२१३.१६		२८,९८,२१३.१६	११,५३,८११.९३		११,५३,८११.९३
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,०७,३९,९९७.०८		१,०७,३९,९९७.०८	(५६,२१,१२८.९६)		(५६,२१,१२८.९६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		६,९८,९४,८१०.८४		६,९८,९४,८१०.८४	७,५५,१५,९३९.८०		७,५५,१५,९३९.८०
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको		८,०६,३४,८०७.९२		८,०६,३४,८०७.९२	६,९८,९४,८१०.८४		६,९८,९४,८१०.८

	बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)								

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ ।